**२०८२ श्रावण महिनामा परराष्ट्र मन्त्रालय तथा अन्तर्गतका निकायबाट सम्पादित मुख्य कार्यहरूः**

१. सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीज्यू ५ देखी ८ अगस्ट २०२५ सम्म तुर्कमेनिस्तानको आवाजा सहरमा आयोजित भूपरिवेष्टित विकासोन्मुख राष्ट्रहरूको तेस्रो संयुक्त राष्ट्र संघीय सम्मेलन (LLDC3) मा सहभागी हुनुभएको। उक्त अवसरमा सम्पन्न मुख्य गतिविधिहरू निम्नानुसार छन्:

a. प्रधानमन्त्रीज्यूले अति कम विकसित मुलुकहरूको अध्यक्षको हैसियतमा तथा नेपालको तर्फबाट ५ अगस्ट २०२५ मा सम्मेलनलाई सम्बोधन गर्नुभएको। उक्त अवसरमा आवाजा कार्यक्रम (Awaza Programme of Action) जारी गरिएको।

b. प्रधानमन्त्रीज्यूले भूपरिवेष्टित राष्ट्रसँग सम्बन्धित विभिन्न विषयमा आयोजित पाँचवटा छुट्टाछुट्टै उच्चस्तरीय विषयगत गोलमेच बैठकहरूको सहअध्यक्षता एवं ती बैठकहरूलाई सम्बोधन गर्नुभएको।

c. सम्मेलनको साइडलाइनमा प्रधानमन्त्रीज्यूले तुर्कमेनिस्तानका राष्ट्रपति महामहिम श्री सेरदार बेर्दमुखमेडोभ (His Excellency Mr. Serdar Berdimuhamedov) सँग भेटवार्ता गर्नुभएको।

d. किर्गिज्स्तानका प्रधानमन्त्री महामहिम श्री अदिलबेक कासीमालिएभ (H. E. Mr. Adylbek Kasymaliev) सँग भेटवार्ता गर्नुभएको।

e. भ्रमणका क्रममा अन्य उच्च पदस्थ पदाधिकारीहरूसँग समेत द्विपक्षीय हितका विषयमा कुराकानी भएका।

२. नेपालद्वारा मोन्ट्रियल प्रोटोकलको किगाली संशोधन अनुमोदन गरिएको सम्बन्धमा सहजीकरण गरिएको।

३. २०८२ साउन १२ देखि १३ गतेसम्म भारतको नयाँ दिल्लीमा सम्पन्न Nepal-India 7th Boundary Working Group को बैठकमा सहभागी भएको ।

४. भारतको उत्तराखण्ड राज्यमा आएको बाढी तथा पहिरोका कारण बेपत्ता र अलपत्र अवस्थामा परेका नेपाली नागरिकहरूको खोजी तथा उद्धार कार्य लगायत सहयोग तथा सहजीकरणका लागि नयाँ दिल्लीस्थित नेपाली राजदूतावास मार्फत समन्वय गरिएको ।

५. २०८२ श्रावण २ गते नेपाल सरकार र गणतन्त्र कोरिया सरकारबीच Memorandum of Understanding between the Government of Nepal and the Government of the Republic

of Korea for Inclusive Rural Development Project in Bardiya District, Nepal मा हस्ताक्षरका लागि सहजीकरण गरिएको ।

६. नेपाल र जनवादी गणतन्त्र चीनबीच कूटनीतिक सम्बन्ध स्थापनाको ७०औं वर्षगाँठको अवसरमा दुबै देशका राष्ट्रपति, प्रधानमन्त्री र परराष्ट्र मन्त्रीको तहमा बधाई तथा शुभकामना सन्देशहरू आदानप्रदान भएकोमा सो सम्बन्धी आवश्यक कामहरू गरिएको।

७. २०८२ श्रावण ४ देखि ६ गतेसम्म जनवादी गणतन्त्र चीनको China International Development Cooperation Agency का अध्यक्ष H. E. Mr. Chen Xiaodong ले नेपाल भ्रमण गर्नुभएको। सो क्रममा श्रावण ५ गते नेपाल-चीन सरकारबीच देहायबमोजिमका Letter of Exchange, MoU तथा Minutes मा हस्ताक्षर भएको:

A. Bone Marrow Transplantation Medical Center Project
B. Feasibility Study for the Expansion of Civil Service Hospital of Nepal
C. Memorandum of Understanding on Human Resource Development
D. Minutes Signing Regarding Kerung Rasuwagadi 220 KV Transmission line

साथै, उक्त भ्रमणको दौरान H. E. Mr. Chen Xiaodong ले सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीज्यूसँग शिष्टाचार भेट तथा माननीय उपप्रधानमन्त्री तथा अर्थ मन्त्री श्री विष्णुप्रसाद पौडेलज्यूसँग द्विपक्षीय वार्ता गर्नुभएको।

८. २०८२ श्रावण १४ देखि १५ गतेसम्म काठमाडौंमा सम्पन्न Explore the Possibility of Establishing a Cross-border Digital Payment System amongst the BIMSTEC Member States विषयक कार्यशालामा सहभागिता र अन्य सहजीकरण कार्य गरिएको। ।

९. २०८२ श्रावण २८ देखि २९ गतेसम्म थाईल्याण्डको बैङ्ककमा सम्पन्न Midterm review of the BIMSTEC Master Plan for Transport Connectivity मा सहभागिता, Master Plan को कार्यन्वयनलाई तीव्रता दिनका लागि कार्यान्वनययोग्य रणनीति तर्जुमा र सो उपर साझा समझदारी कायम गरिएको।

१०. २०८२ असार ३० देखि श्रावण २ गतेसम्म कृषि तथा पशुपन्छी विकास मन्त्रालय र सार्क कृषि केन्द्रको सह-आयोजनामा काठमाडौंमा सम्पन्न SAARC Regional Training Program on Molecular Diagnosis and Laboratory Surveillance of Peste des Petits Ruminants (PPR) विषयक कार्यक्रमको समन्वय र सहजीकरण गरिएको । कार्यक्रममा PPR को रोकथाम,

क्षेत्रीय स्वस्थ्य प्रणालीको सबलीकरण र यसको निगरानी संयन्त्रको लागि दक्षिण एशियामा उन्नत प्रयोगशाला तथा जनशक्तिको क्षमता विकास गर्ने लगायतका विषयमा छलफल भएको।

११.सांघाई सहयोग संगठनद्वारा चीनको हेनान प्रान्तमा आयोजित सांघाई सहयोगमञ्च, मिडिया र थिङ्क टयाङ्क शिखर सम्मेलनमा माननीय उपसभामुख श्री इन्दिरा रानाज्यूको सहभागिताका लागि समन्वय र सहजीकरण गरिएको। सो कार्यक्रममा 'विकासका लागि शान्तिपूर्ण र स्थिर वातावरणको सुरक्षामा नेपालको दृष्टिकोण' विषयमा उपसभामुखबाट सम्बोधन भएको ।

१२. राहदानी विभाग, विदेशस्थित नेपाली नियोग, जिल्ला/ईलाका प्रशासन कार्यालयहरूबाट ११४७०३ थान पासपोर्ट जारी गरिएको। क्रोएसियामा घुम्ती शिविर मार्फत २५० भन्दा बढीलाई राहदानी सेवा प्रवाह गरिएको।

१३. कन्सुलर सेवा विभागबाट ५४९२४ थान कागजातहरू प्रमाणीकरण गरिएको।

१४.परराष्ट्र मन्त्रालय र अन्तर्गतका निकायबाट सम्पादित महत्त्वपूर्ण कामहरूको मासिक विवरण यसै आर्थिक वर्षबाट मन्त्रालयको वेबसाइटमा प्रकाशन शुरु गरिएको।

१५.अन्य नियमित कामहरू सम्पादन भएका।